## बैठक संख्या — ५९

आज मिति २०८३ साल असार २६ गते शुक्रबार यस मिक्लाजुङ गाउँपालिका, मोरङका अध्यक्ष श्री बबि कुमार राईज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको सभाकक्षमा बैठक बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय गरियो ।

### उपस्थिती

| क्र.सं | पद | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | श्री बबि कुमार राई | |
| २. | गाउँपालिका उपाध्यक्ष | श्री दिनेश पौडेल | |
| ३. | वडा अध्यक्ष वडा नं १ | श्री पर्वत राई | |
| ४. | वडा अध्यक्ष वडा नं २ | श्री बल बहादुर श्रेष्ठ | |
| ५. | वडा अध्यक्ष वडा नं ३ | श्री सन्तोष कुमार मगर | |
| ६. | वडा अध्यक्ष वडा नं ४ | श्री विसाल राई | |
| ७. | वडा अध्यक्ष वडा नं ५ | श्री मेघनाथ तामाङ | |
| ८. | वडा अध्यक्ष वडा नं ६ | श्री खडी बहादुर मगर | |
| ९. | वडा अध्यक्ष वडा नं ७ | श्री सुशिल राज चौहान | |
| १०. | वडा अध्यक्ष वडा नं ८ | श्री पूर्ण बहादुर कुवर | |
| ११. | वडा अध्यक्ष वडा नं ९ | श्री सेमन्त राज दाहाल | |
| १२. | कार्यपालिका सदस्य | श्री मर्खे कुमारी लिम्बु | |
| १३. | कार्यपालिका सदस्य | श्री मेनुका श्रेष्ठ | |
| १४. | कार्यपालिका सदस्य | श्री उषा राई | |
| १५. | कार्यपालिका सदस्य | श्री मातृका देवी दर्जी | |
| १६. | कार्यपालिका सदस्य | श्री इन्दिरा दर्जी | |
| १७. | कार्यपालिका सदस्य | श्री मान बहादुर राई | |
| १८. | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | श्री तेजिन्द्र गौतम | |
| अन्य उपस्थिती | | | |
| १. | अधिकृत आठौं | श्री दिपक रोका क्षेत्री | |
| २. | लेखा अधिकृत सातौं | श्री शालीग्राम दाहाल | |
| ३. | अधिकृत छैटौं | श्री रमेश पोखेल | |
| ४. | सु.प्र.अ. | श्री हिमाल धिमिरे | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

प्रस्ताव तथा निर्णयहरुः

<table>
<tr><th>क.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>पूर्व बैठक समिक्षा सम्वन्धमा,</td><td>५८ औं कार्यपालिका बैठकका निर्णयहरुको बारेमा समिक्षा गरियो । बैठकमा भएका निर्णयको कार्यान्वयन सन्तोषजनक देखिएको र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउदै लैजाने निर्णय सर्वसम्मतबाट पारित गरियो ।</td></tr>
<tr><td>२.</td><td>योजना फरफारक सम्वन्धमा</td><td>आ.व.२०८२।०८३ मा स्वीकृत मिक्लाजुङ गाउँपालिकाका अनुसूचि १ बमोजिमका आयोजनाहरुको कार्य सम्पन्न गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ (ङ) बमोजिम फरफारकको लागि पेश भएको हुँदा सो आयोजनाहरु सर्वसम्मतले फरफारक गरियो ।</td></tr>
<tr><td>३.</td><td>कर्मचारी तहवृद्धि सम्वन्धमा</td><td>कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र मिक्लाजुङ गाउँपालिकाको कर्मचारीहरुको तह वृद्धि सम्वन्धी कार्यविधि २०८१ को बुँदा नं ४ बमोजिम मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८३।०२।२६ गते कर्मचारीहरुको तह वृद्धि/बढुवा सम्वन्धी ३० दिने सूचना प्रकाशित गरिएको र सो सूचना बमोजिम पेश भएका निवेदनहरु सम्वन्धमा कर्मचारी तह वृद्धि समितिको मिति २०८३ असार २५ मा बसेको बैठकले गरेको सिफारिस कानून बमोजिम उपयुक्त देखिएको हुँदा तपसिल बमोजिमका कर्मचारीहरुलाई तह वृद्धि समितिको निर्णय बमोजिमको विवरण अनुसार हाल कार्यरत तह भन्दा एक तहमाथि तह वृद्धि/स्तर वृद्धि गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।
<br>तपसिल
<table>
<tr><th>क.सं.</th><th>कर्मचारीको नाम र संकेत नं.</th><th>हालको तह</th><th>तह वृद्धि/बढुवा पछि कायम हुने तह</th></tr>
<tr><td>१</td><td>सविना घिमिरे (२१५४२८)</td><td>पाचौं</td><td>छैटौं</td></tr>
<tr><td>२</td><td>रोहिणी प्रसाद भट्टराई (२१५६७८)</td><td>पाचौं</td><td>छैटौं</td></tr>
<tr><td>३</td><td>मिलन ओली (२१५५१२)</td><td>पाचौं</td><td>छैटौं</td></tr>
<tr><td>४</td><td>सुनिता श्रेष्ठ (२१५५०२)</td><td>पाचौं</td><td>छैटौं</td></tr>
</table>
</td></tr>
<tr><td>४.</td><td>करार सेवामा कार्यरत कर्मचारीहरु सेवाबाट अवकाश हुँदा प्राप्त गर्ने सेवा सुविधा सम्वन्धी मापदण्ड, २०८३ सम्वन्धमा,</td><td>करार सेवामा कार्यरत कर्मचारीहरु सेवाबाट अवकाश हुँदा प्राप्त गर्ने सेवा सुविधा सम्वन्धी मापदण्ड, २०८३ सर्वसम्मतले स्वीकृत गरियो ।</td></tr>
<tr><td>५.</td><td>योजनाको म्याद थप सम्वन्धमा</td><td>यस गाउँपालिकाबाट बहुवर्षिय स्वीकृत भइ ठेक्का प्रकृयाद्वारा संचालित तपसिल बमोजिमका आयोजनाहरुको म्याद समाप्त भएको र विविध कारणले आयोजना सम्पन्न हुन नसकेको हुँदा निर्माण व्यवसायीको तर्फबाट PG तथा APG थप गरी पेश गरेमा तपसिल बमोजिमको ठेक्काको म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।</td></tr>
</table>

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|

तपसिल

| SN | Contract Number | Project Name | यस अघि म्याद थप भएको मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|
| १. | 10/MRMM/WORKS/NCB/080/81 | Construction of Slab Culverts in Ward No.3,6,7 and 9 | २०८१ जेठ २०<br>२०८२ जेठ ३०<br>२०८२।०८।३०<br>२०८२।११।३० सम्म | २०८३ पौष मसान्त सम्म |
| २. | 11/MRMM/WORKS/NCB/080/81 | Construction of Works in Laxmi Narayan shiva Mandir, Radha Krishna Mandir,Bhagwati shiva Radha Durga Mandir And Toribari Jestha Nagarik And Narayan Mandir | २०८१ असार ९<br>२०८२ जेष्ठ ३०<br>२०८२।०८।३०<br>२०८२।११।३० सम्म | २०८३ पौष मसान्त सम्म |
| ३. | 14/MRMM/WORKS/NCB/080/81 | Construction Cold Store Building | २०८१ श्रावण २८<br>२०८२ जेष्ठ ३०<br>२०८२।०८।३०<br>२०८२।११।३० सम्म | २०८३ पौष मसान्त सम्म |
| ४. | 20/MRMM/WORKS/NCB/078/79 | Construction of Motorable Bridge in Magar Khola | २०८२ असार मसान्त<br>२०८२ पौष मसान्त<br>२०८२ चैत्र मसान्त सम्म | २०८३ पौष मसान्त सम्म |
| ५. | 12/MRMM/WORKS/NCB/080/81 | Construction of Motorable Bridge in Solti Khola | २०८३ असार २३ | २०८३ पौष मसान्त सम्म |
| ६ | 3/MRMM/WORKS/NCB/081/82 | Construction of Drain in Ward No. 7,8,9 | २०८२ चैत्र मसान्त | २०८३ पौष मसान्त सम्म |
| ७. | 4/MRMM/WORKS/NCB/082/083 | Construction OF B.P.Smriti Bhawan Miklajung -09 | २०८३ असार १२ | २०८३ पौष मसान्त सम्म |

| | | |
|---|---|---|
| ६. | उपभोक्ता समितिका आयोजनाको म्याद थप सम्बन्धमा | आ.व.२०८२।०८३ मा स्वीकृत भइ उपभोक्ताहरुबाट संचालन भएका योजनाहरु सुचलक भइ भुक्तानी दिन बाँकी रहेका सम्पूर्ण आयोजनाहरुलाई आ.व्या. आयोजना अन्तर्गत समावेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ७. | सामुदायिक वनको वार्षिक कार्ययोजना स्वीकृत अनुमोदन सम्बन्धमा । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख.(१) मा सामुदायिक वन उपभोक्ता समूहहरुले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका बाट स्वीकृत गराउनु पर्ने व्यवस्था बमोजिम आ.व. २०८२।०८३ सालको हाल सम्म पेश भई कार्यालयको निर्णयानुसार स्वीकृत भएका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहको वार्षिक कार्ययोजनाको निर्णय सर्वसम्मतले अनुमोदन गरियो । |

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ८. | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर र कबाडी शुल्क संकलन ठेक्का सम्वन्धमा | मिक्लाजुङ गाउँपालिकाको आ.व.२०८३।०८४ का लागि कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कवाडी शुल्क समेतको कर संकलनको मिक्लाजुङ गाउँसभाले स्वीकृत गरेको कर बमोजिम संकलन गर्न पाउने गरी न्यूनतम ठेक्का अंक रु.१५,००,०००।- कायम गरी ठेक्का आह्वान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ९. | क्रस सेक्सन रिपोर्ट स्वीकृत सम्वन्धमा । | यस गाउँपालिकाले दिएको जिम्मेवारीका आधारमा श्री B.M.S. Nepal Pvt.Ltd. Koteshwor Kathmandu ले तयार गरी पेश गरेको Detail Survey and Cross Section Drawing of Mawa Khola ( Mahesh Chowk Naka, Bhasme Naka) Thulo Bakraha Khola (Khaame Jhoda , Shanti Tole – Malami Tahara Dakshin, Malami Tahara Uttar Naka) And Solti Khola को रिपोर्ट अध्ययन गरी सर्वसम्मतले स्वीकृत गरियो । |
| १०. | DPR स्वीकृत गर्ने सम्वन्धमा । | मिक्लाजुङ गाउँपालिकाले तयार गरेका तपसिल बमोजिमका डि पि आर प्रतिवेदन सर्वसम्मतले स्वीकृत गरियो ।<br>1) Detail Survey, design,Estimate and Report Preparation (DPR of Kuwapani -Patale- Kolbote Road Upgrading Project (Miklajung-2 and 1)- Public Research Center Pvt.Ltd. dhankuta<br>2) Preparation of Detail Project Report of Ramite Danda Paryatan Fun Park At Miklajunf RM-1, Morang- Sakura Consultancy and Training Center Pvt. Ltd. Ithari ,Sunsari<br>3) Preparation Of Cross-sectional Survey and Quantity Estimate, Measurement of Sukey Ramnawami Lekhdanda road Section-Delight Engineering Consultancy Bhadrapur Jhapa |
| ११. | बहुबर्षिय स्वीकृत गरी ठेक्का प्रकृया अगाडि बढाउने सम्वन्धमा | मिक्लाजुङ गाउँपालिकाका तपसिल बमोजिमका स्वीकृत आयोजनाहरु बहुवर्षिय स्वीकृत गरी ठेक्का प्रकृया अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>तपसिल<br>१. हात्तिमारा देखि घिसिङचोक सम्म कालोपत्रे वडा नं ४<br>२. यामचौक बोके चौतारा सडक कालोपत्रे वडा नं ३<br>३. गुसी, खोलीटार, ५ नं वडा कार्यालय सडक कालोपत्रे<br>४. वकाह उत्तर साखरे सडक कालोपत्रे, मिक्लाजुङ-२,६<br>५. मदनमार्ग देखि मनकामना स्कुल हुँदै उर्लाबारी सिमाना सडक कालोपत्रे मिक्लाजुङ-९ |
| १२. | विवरण प्रमाणित गरी पठाउने सम्वन्धमा । | भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, प्रमाणिकरणको आधार र मापदण्ड, २०८३ को दफा ४(२) बमोजिम यस मिक्लाजुङ गाउँपालिकाको वडा नं १ देखि ९ बाट जम्मा भूमिहिन दलित १६ जना, भूमिहीन सुकुम्बासी जम्मा ३९ जना र अव्यवस्थित बसोबासी जम्मा ५२७१ जनाको विवरण स्वीकृत गरी सोही मापदण्डको अनुसूची १ र अनुसूची २ को ढाँचामा प्रत्येक वडाको छुट्टा छुट्टै विवरण प्रमाणित गरी जिल्ला भूमि समस्या समाधान समिति मोरङ समक्ष पेश गर्ने निर्णय गरियो । |

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १३. | विद्यालय समायोजन तथा खानेपानी समिति व्यवस्थापन तथा एकिकृत गर्ने सम्वन्धमा | शिक्षा नियमावलीको दशौं संशोधन, २०८३ मा भएको व्यवस्था समेतका आधारमा यस गाउँपालिका भित्र रहेका विद्यालयहरुको पुन नक्साङ्कन गरी विद्यालय समायोजनकोलागि सिफारिस गर्न तथा मिक्लाजुङ गाउँपालिकाको मधुमल्ला बजार क्षेत्रभित्र समानान्तर रुपमा सांचालित दुई वटा सामुदायिक विद्यालयलाई समायोजन गरी सम्पूर्ण व्यवस्थापन सहितको व्यवस्थित एक ठूलो विद्यालयका रुपमा विकास गर्न सम्भाव्यता अध्ययनका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो साथै<br><br>मिक्लाजुङ गाउँपालिका भित्र विभिन्न खानेपानी उपभोक्ता समितिहरु गठन भएकोमा भूगोल उपभोक्ता संख्या समेतका आधारमा सबै समितिहरु आवश्यक भए नभएको र खानेपानी उपभोक्ता समितिहरुलाई समायोजन गरी व्यवस्थित गर्न स्थलगत अनुगमन. तथा सरोकारवालाहरुसंग छलफल गरी प्रतिवेदन पेश गर्न समेत यसै समितिलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>तपसिल<br>१. श्री दिनेश पौडेल संयोजक<br>२. श्री सुशिलराज चौहान सदस्य<br>३. श्री पर्वत राई सदस्य<br>४. श्री पूर्ण बहादुर कुवर सदस्य<br>५. श्री विषाल राई सदस्य<br>६. श्री सेमन्तराज दाहाल सदस्य<br>७. श्री काशिनाथ खनाल सदस्य सचिव |
| १४. | विपद व्यवस्थापन सम्वन्धमा । | यस मिक्लाजुङ गाउँपालिकाको वडा नं ३ स्थित वताहा खोलामा बाढी आइ पुल आसपास कटान गरेकोले पुल जोखिममा रहेकोले थप क्षति हुन नदिन स्थलगत निरीक्षण गरी उचित व्यवस्थापन गर्न जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |